# घरपझोङ गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
जोमसोम, मुस्ताङ

पत्र संख्याः२०८२/०८३
चलानी नं.

गण्डकी प्रदेश, नेपाल

दोस्रो पटक प्रकाशित मिति २०८२/०८/०४

**यस घरपझोङ गाउँपालिका अन्तर्गत वडा नं. ४ जोमसोम स्थित जनहित माध्यमिक विद्यालयको पछाडी पट्टी बाटो माथी रहेको ढुङ्गेघर भाडामा दिने सम्बन्धी गोप्य सिलबन्दी बोलपत्र आव्हानको सूचना ।**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को प्रावधान (दफा ११ र ५९) अनुसार र घरपझोङ गाउँपालिकाको घर, जग्गा, भवन, कोठा, टहरा बहालमा लगाउने सम्बन्धी कार्यविधि, २०७७ बमोजिम घरपझोङ गाउँपालिका वडा ४, जोमसोममा रहेको माथी उल्लेखित घरको व्यावसायिक प्रयोजनको लागि यस गाउँपालिकाको गाउँ कार्यपालिकाको मिति २०८२/०६/३० गतेको निर्णय बमोजिम निर्धारण गरेको मासिक न्युनतम् भाडादरको रकमबाट बढाबढ हुने गरी गोप्य सिलबन्दी बोलपत्रबाट भाडामा लगाउनु पर्ने भएकोले ईच्छुक व्यक्ति, फर्म वा कम्पनीहरुबाट निम्न लिखित शर्तको अधिनमा रही गोप्य सिलबन्दी बोलपत्र पेश गर्नुहुन सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**तपसिल :- भवनको विवरण ।**

| क्र.सं. | आय ठेक्का नम्बर | भवनको विवरण | न्युनतम् मासिक भाडा दर | धरौटी रकम | शिलबन्दी बोलपत्र खरिद गर्ने अवधि | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | 02/GRM/RT/082/83 | घरपझोङ गाउँपालिका वडा नम्बर ४ स्थित जनहित माध्यमिक विद्यालय पछाडी बाटोमाथी रहेको ढुङ्गेघर | रु. १,५०,००० (एक लाख पचास हजार) | बोल कबोल रकमको ५% प्रतिशत | १५ दिन | सिलबन्दी बोलपत्र दस्तुर रु. ३,०००। (फिर्ता नहुने गरी) |

**शिलबन्दी बोलपत्र सम्बन्धी शर्तहरु :**

१) बोलपत्र फारम सूचना प्रकाशित भएको मितिले १५ औं दिन सम्म कार्यालय समय भित्र तोकिएको दस्तुर तिरी यस कार्यालयको राजश्व शाखाबाट खरिद गर्न सकिनेछ । यस कार्यालयबाट खरिद भएका बोलपत्र फारमहरु भरी शिलबन्दी गरी १६ औं दिनको १२:०० बजेसम्म यस कार्यालयमा दर्ता गर्नु पर्नेछ र नियमानुसार दर्ता हुन आएका शिलबन्दी बोलत्रहरु सोही दिनको २:०० बजे यस कार्यालयमा शिलबन्दी बोलपत्रदाताहरु समेतको रोहवरमा खोलिनेछ । शिलबन्दी बोलपत्रदाताहरु उपस्थिति नभएमा पनि शिलबन्दी बोलपत्र खोल्न कुनै बाधा पर्ने छैन । शिलबन्दी बोलपत्र खरिद गर्ने तथा दर्ता गर्ने र खोल्ने दिन बिदा परेमा सो पछि लगत्तै कार्यालय खुलेको दिन सोही समयमा उल्लेखित कार्यहरु हुनेछन् ।

वेदहरि अधिकारी
प्रमुख प्रशासकीय अधिकृत

२) यस कार्यालयबाट प्रमाणित भएको सिलबन्दी बोलपत्र फारम दरभाउकर्ता स्वयं वा रितपूर्वकको लिखित वारेस पठाई तोकिएको दस्तुर बुझाई खरिद गर्नुपर्नेछ । बोलपत्र फारम खरिद गरेको रकम फिर्ता हुने छैन ।

३) शिलबन्दी बोलपत्र खरिद गर्दा निवेदन सहित नेपाली नागरिकहरुको हकमा नेपाली नागरिकता प्रमाण पत्रको छायाँप्रति, व्यवसायी फर्म वा कम्पनीहरुको हकमा व्यवसाय दर्ता प्रमाण पत्र र स्थायी लेखा नम्बर/मू.अ.करको प्रमाणपत्र तथा आर्थिक बर्ष २०८०/८१ को कर चुक्ताको/म्याद थपको प्रमाणित प्रतिलिपि पेश गर्नुपर्नेछ ।

४) शिलबन्दी बोलपत्र फारम भरी पेश गर्दा आफूले कबोल गरेको रकम अंक र अक्षरमा प्रष्टसँग लेखी कबोल अंकको कम्तिमा ५% (पाँच प्रतिशत) ले हुन आउने धरौटी रकम यस कार्यालयको नेपाल बैंक लिमिटेड जोमसोम स्थित धरौटी खाता हि.नं.०६८०३००००३०००००००१ मा रकम जम्मा गरेको सक्कल बैंक भौचर वा मान्यता प्राप्त बैंकले यस कार्यालयको नाममा जारी गरेको सोही रकम बराबरको कम्तीमा ९० दिन म्याद भएको बैंक जमानत पत्र शिलबन्दी बोलपत्र साथ संलग्न गरी पेश गर्नुपर्नेछ । कबोल गरेको रकमको अंक र अक्षरमा फरक पर्न गएमा अक्षरमा लेखिएको रकमलाई मान्यता दिईनेछ ।

५) बोलपत्र स्वीकृत भए पश्चात सम्झौता गर्दा शिलबन्दी बोलपत्रदाताले कबोल गरेको मासिक कबोल भाडाको ३ (तिन) महिना बराबरको रकम यस कार्यालयको नेपाल बैंक लिमिटेड जोमसोम स्थित धरौटी खाता हि.नं.०६८०३००००३०००००००१ मा जम्मा गरेको सक्कलै बैंक भौचर वा मान्यता प्रास बैंकबाट जारी भई सम्झौता अवधिभर म्याद भएको बैंक जमानत पेश गर्नुपर्नेछ । उक्त धरौटी रकम घर/भवन छोड्दाको बखत फिर्ता दिईनेछ । घरपझोङ गाउँपालिकाको घर, जग्गा, भवन, कोठा, टहरा बहालमा लगाउने सम्बन्धी कार्यविधि, २०७७ को पहिलो संशोधन बमोजिम सम्झौता गरेको मितिले सम्झौता अवधी १० वर्षको हुनेछ ।

६) शिलबन्दी बोलपत्रदाता आफुले उक्त घरमा सञ्चालन गर्न चाहेको व्यवसायको किसिम प्रष्ट सँग उल्लेख गरी सो सँग सम्बन्धित कागजातहरु शिलबन्दी बोलपत्र साथ पेश गर्नु पर्नेछ ।

७) उक्त भवनमा पहिलो पटक जडित विद्युतिय उपकरण जस्तै बत्ति लगायतका अन्य उपकरणहरु बिग्रिएमा पून: मर्मत तथा खरिदको व्यवस्था आफ्नै खर्चमा भाडावाला स्वयंले नै मिलाउनु पर्नेछ । विद्युत, पानीको महशूल, सरसफाई शुल्क तथा अन्य प्रचलित कर तथा शुल्कहरु भाडावाला स्वयंले सम्बन्धित निकायमा गई तिर्नुपर्नेछ ।

८) दोस्रो पक्षको कारण भाडामा बसेको घर/भवन मा तोडफोड, आगजनी लगायत कुनै कारण बस कुनै पनि किसिमको क्षति हुन पुगेको अवस्थामा दोस्रो पक्षबाट क्षतिपूर्ति भराइने वा असुल उपर गरिनेछ ।

वेदहरि अधिकारी
प्रमुख प्रशासकीय अधिकृत

घरपझोङ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
जोमसोम, मुस्ताङ
गण्डकी प्रदेश, नेपाल

पत्र संख्याः२०८२/०८३
चलानी नं.

९) भाडावालाले भवनमा वातावरणीय प्रदुषण हुने प्रकारको व्यापार व्यवसाय गर्न, प्रचलित कानूनले निषेध गरेका व्यापार लगायत अग्नीजन्य व्यवसाय सञ्चालन गर्न पाईने छैन । आफुले भाडामा लिएको भवन सफा सुन्दर बनाई राख्नु पर्नेछ । यदी कसैले फोहोर मैला तथा दुर्गन्धित हुने गरी व्यवसाय गरेको पाईएमा नियमानुसार कार्यवाही प्रकृया अगाडी बढाईनेछ ।

१०) भवन भाडामा लिने व्यक्ति वा संस्था स्वयंले आफ्नो व्यवसाय सञ्चालन गर्नु पर्नेछ । कार्यालयको स्वीकृती बिना अन्य व्यक्ति वा संघ संस्थालाई भाडामा दिई बेचबिखन गर्ने, अन्य व्यक्ति वा फर्मसँग मिली साझेदारी व्यवसाय गर्न तथा अन्य कुनै पनि व्यक्ति फर्मलाई नामसारी गरि हक हस्तान्तरण गर्न पाईने छैन । त्यस्तो गरेको पाईएमा तत्कालै सम्झौता रद्ध गरिनेछ । भाडावालाले भाडामा लिएको भवन छोड्न परेको अवस्थामा भवनमा निर्माण गरिएका संरचना निशर्त छाड्नु पर्नेछ ।

११) सम्झौता गरेको मितिले हरेक २/२ बर्षमा भाडा दरमा १०% को दरले प्रथम पटक बोल कबोल रकममा वृद्दि हुनेछ ।

१२) कुनै शर्त राखी पेश गरेको, हुलाक मार्फत पठाएको र रित नपुगेको शिलबन्दी बोलपत्र माथी कुनै कार्यवाही गरिने छैन ।

१३) भाडावालाले आफूले भाडामा लिएको भवन छोड्न चाहेमा ३ (तिन) महिना अगाडी कार्यालयलाई लिखित रुपमा जानकारी दिनु पर्नेछ । उक्त भवन कार्यालयले अन्य प्रयोजनको लागि प्रयोग गर्नु पर्ने अवस्था आएको खण्डमा भाडावालालाई ३ (तिन) महिना अगाडी लिखित सूचना दिईनेछ । भाडावालाले सूचना पाएको मितिले ३ (तिन) महिना भित्र आफुले भाडामा लिएको भवन खाली गरिदिनु पर्नेछ ।

१४) दर्ता हुन आएका शिलबन्दी बोलपत्र स्वीकृत गर्ने वा अस्वीकृत गर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सूरक्षित रहनेछ ।

१५) शिलबन्दी बोलपत्रको खाम बाहिर भाडामा लिन चाहेको भवनको विवरण र शिलबन्दी बोलपत्रदाताको नाम, ठेगाना र सम्पर्क नम्बर स्पष्ट लेख्नुपर्नेछ । शिलबन्दी बोलपत्रमा आफुले कबोल गरेको अंक र अक्षर स्पष्ट बुझिने गरी लेखुपर्नेछ । अंक केरमेट भएमा अक्षरलाई मान्यता दिईनेछ ।

१६) विस्तृत जानकारीका लागि कार्यालय समय भित्र यस कार्यालयको टेलिफोन नं. ०६९-४४००१६ मा वा यस कार्यालयमा सम्पर्क गरी जानकारी लिन सकिनेछ । र यस सूचनामा उल्लेख नभएका विषयहरु प्रचलित कानून बमोजिम हुनेछ ।

०८२।०८।०४

वेदहरि अधिकारी
प्रमुख प्रशासकीय अधिकृत